प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. दुबसु क्षेत्रीको अध्यक्षतामा बसेको विशेष बैठकले स्वास्थ्य शिक्षा, स्वास्थ्य चेतना र नेत्र चिकित्साको सेवाद्वारा नेपाली समाजलाई स्वस्थ, समृद्ध र समुन्नत बनाउन महत्वपूर्ण योगदान गरी विश्व समुदायमा नेपाल र नेपाली जातिको परिचय, पहिचान र प्रतिष्ठा उच्च र अक्षुण्ण राख्न विशिष्ट योगदान गर्ने वरिष्ठ चिकित्सक डा रुइतलाई विसं २०८० को वसुन्धराश्री पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

त्यसैगरी बैठकले राष्ट्रिय आविष्कार केन्द्रको माध्यमबाट नेपालमा विज्ञान तथा प्रविधिको विकासमा महत्वपूर्ण योगदान गरी विश्व समुदायमा नेपाल र नेपाली जातिको परिचय, पहिचान र प्रतिष्ठा उच्च र अक्षुण्ण राख्न विशिष्ट योगदान गर्नुहुने वरिष्ठ वैज्ञानिक डा. महावीर पुनलाई विसं २०८० को मानश्री पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।

विसं २०११ भदौ १९ गते ताप्लेजुङ जिल्लाको ओलाङचुङ्गोलामा जन्मिएका डा रुइतले तिलगङ्गा आँखा अस्पताल एवं सयौं शिविरको सञ्चालनद्वारा लाखौं स्वदेशी तथा विदेशी नागरिकको आँखा उपचार गरी मानवताको सेवा गरेका छन् ।

रुइत यसअघि उज्ज्वल कीर्तिमय राष्ट्रदीप, इसा सम्मान, रोमन म्यागासेसे र पद्मश्री विभूषणलगायत दर्जनौं सम्मान तथा पुरस्कारबाट सम्मानित भइसकेको प्रज्ञा-प्रतिष्ठानका सदस्य-सचिव कृसु क्षेत्रीले जानकारी दिएका छन् । विसं २०११ माघ ९ गते म्याग्दी जिल्लाको नाँगीमा जन्मिएका डा. पुन नेपालमा शिक्षा, सञ्चार प्रविधि र विज्ञानको विकासमा पुऱ्याउनुभएको अतुलनीय योगदानका लागि रोमन म्यागासेसे र जोनाथन पोस्टेललगायत दर्जनौं सम्मान, पदक तथा पुरस्कारद्वारा सम्मानित भइसकेका छन् ।





यसअघि वसुन्धराश्री पुरस्कारद्वारा कविवर माधवप्रसाद घिमिरे विसं २०५७, वरिष्ठ उपन्यासकार दौलतविक्रम विष्ट विसं २०५८, वरिष्ठ कथाकार तथा नाटककार गोविन्दबहादुर मल्ल ' गोठाले' विसं २०५९ वरिष्ठ समालोचक यदुनाथ खनाल विसं २०६०, वरिष्ठ आख्यानकार मदनमणि दीक्षित विसं २०६१, वरिष्ठ उपन्यासकार डायमनशमशेर राणा विसं २०६२, वरिष्ठ साहित्यकार इन्द्रबहादुर राई विसं २०६३, वरिष्ठ कवि मोहन कोइराला विसं २०६४, वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी विसं २०६५, वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधान विसं २०६६, वरिष्ठ कवि वैरागी काइँला विसं २०६७, वरिष्ठ कवि धर्मराज थापा विसं २०६८, वरिष्ठ समालोचक प्रा डा वासुदेव त्रिपाठी विसं २०६९, वरिष्ठ चित्रकार शशि शाह विसं २०७०, वरिष्ठ कलाकार हरिप्रसाद रिमाल (विसं २०७१, वरिष्ठ सङ्गीतकार अम्बर गुरुङ विसं २०७२, वरिष्ठ आख्यानकार लीलबहादुर क्षेत्री विसं २०७३, वरिष्ठ समालोचक प्रा डा तारानाथ शर्मा विसं २०७४, वरिष्ठ गायक प्रेमध्वज प्रधान विसं २०७५, वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ २०७६, वरिष्ठ आख्यानकार डा ध्रुवचन्द्र गौतम विसं २०७७, वरिष्ठ लोकगायक कुमार बस्नेत विसं २०७८ र वरिष्ठ साहित्यकार ठाकुरप्रसाद गुरागाईं विसं २०७९ लाई प्रदान गरेको छ ।

त्यसैगरी प्रज्ञा-प्रतिष्ठानले यसअघि मानश्री पुरस्कारद्वारा कवि तथा गीतकार दिनेश अधिकारी विसं २०५७, साहित्यकार विनय रावल विसं २०५८, नाटककार अशेष मल्ल विसं २०५९, गजलकार श्री ज्ञानुवाकर पौडेल विसं २०६०, साहित्यकार मञ्जुल विसं २०६१, कथाकार मधुवन पौडेल विसं २०६२, कवि विष्णुविभु घिमिरे विसं २०६३, कवि कृष्णभूषण बल वि.सं २०६४, कथाकार भुवन ढुङ्गाना विसं २०६५, कथाकार सनत रेग्मी विसं २०६६, कवि विजय बजिमय विसं २०६७, समालोचक डा रामदयाल राकेश विसं २०६८, कथाकार डा वेञ्जु शर्मा विसं २०६९, चित्रकार किरण मानन्धर विसं २०७०, कलाकार नीर शाह विसं २०७१, गायक दीप श्रेष्ठ विसं २०७२, साहित्यकार दुर्गाप्रसाद श्रेष्ठ विसं २०७३, साहित्यकार तथा सञ्चारकर्मी खगेन्द्र नेपाली विसं २०७४ गायक भक्तराज आचार्य विसं २०७५, कलाकार हरिवंश आचार्य विसं २०७६, साहित्यकार सरुभक्त (विसं २०७७, गायिका मीरा राणा विसं २०७८ र कलाकार थानबहादुर रावल विसं २०७९ लाई प्रदान गरेको छ ।

# शनिबार ५१औं दिन मनाउँदै छक्का पञ्जा-४

**काठमाडौं (प्रस)–** दीपकराज गिरी र दीपाश्री निरौलाको समुहले निर्माण गरेको फिल्म हो 'छक्कापञ्जा ४'। फिल्मले आगामी शनिबार प्रदर्शनको ५१ औं दिन पूरा गर्दैछ ।

'फिल्मले उपत्यका तथा उपत्यका बाहिरको गरेर १६ हलमा प्रदर्शनको ५१ औं दिन मनाउन लागेको छ' कलाकार तथा निर्माता दीपकले भने '५१ औं दिनको सेलिब्रेसन तयारीमा हामी छौं,' फिल्मले अहिले पनि दर्शक राम्रो पाइरहेको दीपकले सुनाए ।

गत १९ फागुनमा रिलिज भएको 'छक्कापञ्जा ४' हेमराजी बिसी निर्देशन गरेका हुन् । राजनीतिक विषय कथाको रूपमा उठाएको फिल्ममा दीपकराज गिरी, बेनिशा हमाल, दीपाश्री निरौला, केदार घिमिरे, निर्मल शर्मा, बुद्धि तामाङ, राज आचार्य, सुश्मा निरौला, बेदना राईलगायत कलाकारको अभिनय छ ।

फिल्मको कथा दीपकराज गिरीले आफैले तयार पारेका हुन् । नरेन्द्र मैनालीले छायांकन रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन छ । आमा सरस्वती मुभिज र आइएमीको प्रस्तुतिमा फिल्म निर्माण भएको हो ।

## रंगशाला

### एसिसी पुरुष प्रिमियर कप

# युएई र ओमान विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी प्रिमियर कप क्रिकेटमा यूएई र ओमान विजयी भएका छन् । वृत्य अरबिन्द र रोहन मुस्ताफाले विस्फोटक ब्याटिङ गर्दै शतकीय पारी खेलेपछि यूएईले कुवेतलाई १४३ रनको फराकिलो अन्तरले हराएको छ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा भएको खेलमा पहिला ब्याटिङ गरेको यूएईका अरबिन्दले १८५ र मुस्ताफले ११८ रन बनाएका थिए ।

उनीहरूको शतक मद्दतमा यूएईले ५० ओभरमा ६ विकेट गुमाएर ३७१ रनको बिशाल योगफल तयार गरेको थियो ।

२४ रन बनाउँदा ३ विकेट गुमाएर दबावमा परेको यूएईका लागि अरबिन्द र मुस्ताफाले चौथो विकेटका लागि २७५ रनको साझेदारी गरेका थिए। ३७२ रनको लक्ष्य पछ्याएको कुवेत ३६.३ ओभरमा २२८ रन बनाउँदै अलआउट भयो । उसका लागि शैयद मोनिबले ६८ र परविन्दर कुमारले ५३ रन बनाए ।

**ओमानमाथि कतारको ४० रनको जित**

मुलपानी क्रिकेट मैदानमा भएको खेलमा ओमानले कतारलाई ४० रनले हरायो । २५० रनको लक्ष्य पछ्याएको कतार ४७.२ ओभमार २०९ रनमा अलआउट भयो । उसका लागि कप्तान मोहमद रिजलानले ४३ रन बनाए ।

यसअघि टस हारेर पहिला ब्याटिङको अवसर पाएको ओमानले ५० ओभरमा ८ विकेट गुमाउँदै २४९ रन बनायो । उसका लागि आयन खानले नटआउट ६४ रन बनाए ।

### सहिद स्मारक 'ए' डिभिजन लिग

# पुलिसविरुद्ध जावलाखेलको फराकिलो जित

**काठमाडौं (प्रस)–** शहीद स्मारक ए डिभिजन लिगमा जावलाखेल युथ क्लबले बुधबार विभागीय टोली नेपाल पुलिस क्लबमाथि गोलको वर्षा गर्दै शीर्ष स्थानमा ३ अंकको अग्रता बनाएको छ ।

च्यासल मैदानमा भएको खेलमा जावलाखेलले पुलिसलाई ६-१ ले हरायो। पहिलो हाफमा एक गोल मात्र गरेको जावलाखेलले दोस्रो हाफमा गोलको वर्षा गरेको हो ।

जावलाखेलका लागि फोडे फोफानाले २९औं मिनेटमा पेनाल्टीमा गोल गर्दै अग्रता दिलाएका थिए। दोस्रो हाफमा हिसुब थपलियाले ५०औं र ८२औं मिनेटमा गोल गरे । एनकोटो मासोबीले ६५औं र ७२औं मिनेटमा गोल गरे । अब्दुललाजिज निशोनवाबले ६५औं मिनेटमा गोल गरे ।

पुलिसका लागि मोसेस टिवुमले ८८औं मिनेटमा सान्त्वना गोल फर्काए । जितपछि १० खेलबाट जावलाखेलले २० अंक जोडेको छ । जावलाखेलले सातदोबाटोमाथि ३ अंकको अग्रता बनाएको छ ।

सातदोबाटोले एक खेल खेल्न बाँकी छ । सातौं हार बेहोरेको पुलिस १० खेलबाट ५ अंकसहित अंकतालिकाको पुछारमै छ ।

### सूर्य नेपाल गल्फ टुर २०२२

# सुवास शीर्ष स्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सातौं प्रतियोगिता सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपको तेस्रो दिन नेपाल नम्बर एक गल्फर सुबाश तामाङ २ स्ट्रोकको अग्रता सहित शीर्ष स्थानमा उक्लिएका छन् ।

गोकर्ण गल्फ क्लबमा दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण विजेता सुबाशले आज ३-अन्डर ६९ को कार्ड बनाउँदै समग्रमा १०-अन्डर २ सय ६ सहित पहिलो दुई दिनका लिडर सञ्जय लामालाई २ स्ट्रोकले पछि पारे ।

सञ्जयले इभन-पार ७२ मा खेल सकाए । समग्रमा ८-अन्डर २ सय ८ को स्कोरमा उनी दोस्रो स्थानमा झरे। पहिलो दिनका एकल लिडर सञ्जयले दोस्रो दिन भने एमरच्योर सदभावसँग शीर्षस्थान बाँडेका थिए । अन्तिम १८ होलको खेल बाँकी रहँदा यो पटक पनि एमेच्योर खेलाडीले प्रोफेसनल गल्फरलाई कडा चुनौती दिएका छन् ।

४-अन्डर ६८ को उत्कृष्ट नतिजा सहित समग्रमा ६-अन्डर २ सय १० को स्कोरमा रबि खड्का तेस्रो स्थानमा उक्लिए। लयमा फर्किएका भुवन नगरकोटीले तेश्रो दिन पनि ४-अन्डर ६८ मा खेल सकाए । लगातार दुई दिन ४-अन्डर खेलेका उनी समग्रमा ५-अन्डर २ सय ११ को स्कोरमा चौथो स्थानमा उक्लिए ।

दोस्रो दिन सानदार प्रदर्शन सहित सञ्जयसँग शीर्ष स्थान बाँडेका एमरच्योर सदभाव आचार्यले बुधबार ४-ओभर ७६ को खराब प्रदर्शन गरे। समग्रमा ४-अन्डर २१२ सहित उनी पाँचौ स्थानमा तल झरे ।

समग्रमा २-अन्डर २ सय १४ स्कोर गर्दै छैटौं स्थानमा रहने क्रममा नीरज तामाङले १-ओभर ७३ मा खेल सकाए। १-ओभर ७३ खेल्दै समग्रमा १-ओभर २ सय १७ को स्कोरमा कमल तामाङ सातौं स्थानमा छन्। समग्रमा २-ओभर २ सय १८ सहित जयराम श्रेष्ठ र रमेश अधिकारीले संयुक्तरूपमा आठौं स्थान बाँडे। जयरामले ३-अन्डर ६९ र रमेशले इभन-पार ७२ मा खेल सकाए। एमेच्योर टासी छिरिङ र प्रो भुबहादुर गुरूङ समग्रमा ३-ओभर २ सय १९ को स्कोरमा संयुक्तरूपमा दशौं स्थानमा रहेका छन् । टासीले ४-अन्डर ६८ र भुबहादुरले २-ओभर ७४ को कार्ड बनाए ।




लगातार तेस्रो दिन पनि अन्डर पारको स्कोर निकाल्ने क्रममा सुबाशले फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाए। दिनको सुरुवात बर्डीबाट गरे पनि दोस्रो र चौथौं होलमा एक-एक सट खेर फाले। यसपछि छैटौं र सातौं होलमा बर्डीको सफलता प्राप्त गरे। ब्याक नाइन २-अन्डर ३४ मा सकाउने क्रममा सुबाशले १०औं, १२औं र १८औं होलमा एक-एक सट बचाए र १६ औं होलमा बोगी खेपे ।

सञ्जयले खराब सुरुवात गरे । दोस्रो, चौथो र छैटौ होलमा बोगीको सामना गर्दै फ्रन्ट नाइन ३-ओभर ३९ मा सकाउन बाध्य भए । तर ब्याक नाइनमा सम्हालिदै ३-अन्डर ३३ को स्कोर निकाले । ११औं, १२औ, १५औ र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे भने १८औं होलमा एक सट खेर फाले ।

रबिले फ्रन्ट नाइनमा उत्कृष्ट प्रदर्शन गर्दै ५-अन्डर ३१ को स्कोर गरे। पहिलो, दोस्रो, तेस्रो र छैटौ होलमा बर्डी प्रहार गरे भने चौथो होलमा एक सट खेर फाले । र उनले तीन पारको आठौं होलमा होल इन वानको सफलता प्राप्त गरे। ब्याक नाइन भने १-ओभर ३७ मा पुरा गरे। १३औं र १४औं होलमा बोगीको सामना गर्दा १५औं होलमा एक सट बचाए ।

७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ९ एमेच्योर खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् । कुल ८ लाख नगद पुरस्कार राशीको प्रतियोगिताको विजेताले उपाधिसँगै १ लाख ४० हजार प्राप्त गर्नेछ । दोस्रो हुनेले ९० हजार र तेस्रो हुनेले ६७ हजार प्राप्त गर्नेछन्। उत्कृष्ट २१ भित्र पर्ने अन्य प्रोफेसनल खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# विश्वकै सर्वाधिक जनसंख्या भएको देश बन्दै भारत

**संयुक्त राष्ट्रसंघ–** भारत विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश बन्ने भएको छ। संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए)को पछिल्लो तथ्यांकअनुसार सन् २०२३ को मध्यसम्ममा भारत चीनभन्दा २९ लाख बढी जनसंख्या भएको देश बन्नेछ।

युएनएफपिएको 'द स्टेट अफ वर्ल्ड पपुलेसन रिपोर्ट, २०२३' मा भारतको जनसंख्या एक अर्ब ४२ करोड ८६ लाख पुग्ने उल्लेख छ। उक्त अवधिमा चीनको जनसंख्या एक अर्ब ४२ करोड ५७ लाख पुग्नेछ। युएनएफपिएको प्रतिवेदनको जनसांख्यिक सूचकमा यो तथ्यांक समावेश गरिएको छ।

सन् १९५० मा संयुक्त राष्ट्रसंघले जनसंख्या तथ्यांक संकलन र जारी गर्न थालेपछि भारतको जनसंख्याले चीनलाई पहिलोपटक उछिन्न लागेको हो। गत वर्ष चीनको जनसंख्या उच्च बिन्दुमा पुगेर घट्न थाल्यो भने सोही अवधिमा भारतको जनसंख्यामा बढोत्तरी भएको छ।

प्रतिवेदनअनुसार सरदर आयुमा भने भारतभन्दा चीन अगाडि छ। चीनमा महिलाको सरदर आयु ८२ वर्ष तथा पुरुषको ७६ वर्ष छ भने भारतमा महिलाको सरदर आयु ७४ र पुरुषको ७१ वर्ष छ।

विज्ञहरूका अनुसार भारतलाई अहिले जनसांख्यिक लाभ भएको छ। उपभोक्ता सञ्चालित अर्थतन्त्रमा युवा जनसंख्याको अधिकताले देशको विकासलाई अघि बढाउन मद्दत गर्नेछ भने देशको आर्थिक वृद्धिका लागि पनि ठूलो अवसर प्रदान गर्नेछ। देशलाई आन्तरिक खपतका निम्ति श्रमिक आपूर्तिमा समस्या नहुने हुनाले बाहृय समस्याबाट पनि भारतलाई जोगिन सहज हुनेछ। कोभिड-१९ को महामारीका बेला यो वास्तविकता उजागर भइसकेको छ। *रासस/पिटिआई*

# सुडानबाट आफ्ना नागरिक फर्काउँदै जापान

**टोकियो–** जापानले सुडानबाट आफ्ना नागरिक फर्काउने भएको छ। जापान सरकारले द्वन्द्वग्रस्त सुडानबाट आफ्ना नागरिकलाई फर्काउने तयारी थालिएको जानकारी बुधबार दिएको हो। जापान सुडानबाट आफ्ना नागरिकलाई उद्धारको घोषणा गर्ने पहिलो मुलुक बनेको छ।

सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीच भड्किएको द्वन्द्वमा करिब २०० जनाले ज्यान गुमाएका छन् भने झण्डै दुई हजार ८०० जना घाइते भएका छन्।

जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले दूतावासका कर्मचारीसहित करिब ६० जना जापानी नागरिक सुडानमा रहेका बताउँदै उनीहरूलाई त्यहाँबाट उद्धार गर्न रक्षा मन्त्रालयले आवश्यक तयारी गरेको बताए।

सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीचको जारी द्वन्द्वका कारण जनजीवन अस्तव्यस्त भएको छ। राजधानीका साथै अन्य शहरका भीडभाडयुक्तस्थलमा विष्फोट, हवाई हमलाका साथै गोली हानाहान भएका थिए।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति संघर्षले लिएको उग्ररूपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ।

विश्वका अन्य देशले पनि सुडानमा रहेका आफ्ना नागरिकलाई आफ्ना विवरण आ-आफ्नो मुलुकका राजदूतावासमा बुझाउन आग्रह गरेका छन्। अमेरिकाले आफ्ना नागरिकलाई सम्पर्क विवरणसहितका सूचना दूतावासमा बुझाउन, घरबाट बाहिर ननिस्कन तथा झ्याल नजिक पनि नजान सुझाएको छ। *रासस/एएफपी*

# अस्पतालमा आगो लाग्दा २९ जनाको मृत्यु

**बेइजिङ–** बेइजिङस्थित एक अस्पतालमा भएको आगालागीमा परी २९ जनाको मृत्यु भएको छ। बेइजिङको चाङफेङ अस्पतालमा मंगलबार भएको आगलागीमा परी २९ जनाले ज्यान गुमाएका बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बेइजिङको फेङताई जिल्लाका उपप्रमुख ली जोङग्रोङले बताएका छन्।

उक्त घटनालाई लिएर अस्पताल व्यवस्थापनका निर्देशकसहित १२ जनालाई नियन्त्रणमा लिइएको बेइजिङको सार्वजनिक सुरक्षा ब्युरोका सुन हाइताओले बताए। आन्तरिक मर्मतसम्भार र निर्माणको क्रममा अस्पतालमा मंगलबार आगो सल्केको अनुमान गरिएको छ। मर्मतसम्भारको ठेक्का पाएको कम्पनीका प्रतिनिधिलाई पनि पक्राउ गरिएको छ। *रासस/सिन्ह्वा*


**याम्बालिङ् हाइड्रोपावर लिमिटेड**

**ललितपुर म.न.पा.वडा नं १० ज्वागल, ललितपुर**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०।०१।०७

यस कम्पनीको संचालक समितिको मिति २०८० वैशाख ६ गतेको निर्णय बमोजिम विशेष साधारण सभा निम्न लिखित मिति ,समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८० वैशाख २२ गते शुक्रबार
समय :- दिनको १ बजे
स्थान :- कम्पनीको रजिष्टर्ड कार्यालय, ज्वागल, ललितपुर

**विशेष साधारण सभाका प्रस्तावहरु**

**क) सामान्य प्रस्ताव**
अ) कम्पनीको गतिविधिको समिक्षा सम्बन्धी।
आ) अधिकार प्रत्यायोजन सम्बन्धी।
इ) विविध

**ख) विशेष प्रस्ताव**
अ) कम्पनीको प्रवन्धपत्रको दफा ६ संशोधन सम्बन्धी।
आ) कम्पनीको प्रवन्धपत्रको दफा ८ (घ) संशोधन सम्बन्धी।
इ) कम्पनीको शेयर प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्बन्धी।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np


## Unaudited Financial Results (Quarterly)
### As on Third Quarter (30/12/2079) for F.Y. 2079/80

Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 30th Chaitra, 2079
(Amount in NPR, Full Figure)

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending(Unaudited) | This Quarter Ending | Immediate Previous Year Ending(Unaudited) |
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 110,653,744 | 107,753,870 | 110,653,744 | 107,753,870 |
| Due from Nepal Rastra Bank | 17,018,512 | 21,295,263 | 17,018,512 | 21,295,263 |
| Placement with Banks and FIs | | - | | - |
| Derivative Financial Instruments | | - | | - |
| Other Trading Assets | | - | | - |
| Loans and Advances to Banks and FIs | - | 1,615 | - | 1,615 |
| Loans and Advances to Customers | 540,505,165 | 342,037,853 | 540,505,165 | 342,037,853 |
| Investment Securities | 33,233,196 | 10,408,452 | 33,233,196 | 10,408,452 |
| Current Tax Assets | 9,802,468 | 9,802,468 | 9,802,468 | 9,802,468 |
| Investment in Subsidiaries | - | - | - | - |
| Investment in Associates | - | - | - | - |
| Investment Property | - | - | - | - |
| Property and Equipment | 28,322,627 | 21,161,921 | 28,322,627 | 21,161,921 |
| Goodwill and Intangible Assets | - | | - | |
| Deferred Tax Assets | - | - | - | - |
| Other Assets | 26,076,818 | 6,759,537 | 26,076,818 | 6,759,537 |
| **Total Assets** | **765,612,531** | **519,220,980** | **765,612,531** | **519,220,980** |
| **Liabilities** | | | | |
| Due to Banks and FIS | - | - | - | - |
| Due to Nepal Rasra Bank | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Deposit from Customers | 592,511,088 | 336,672,288 | 592,511,088 | 336,672,288 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | 339,000 | 562,240 | 339,000 | 562,240 |
| Deferred Tax Liabilities | 568,975 | 1,221,552 | 568,975 | 1,221,552 |
| Other Liabilities | 51,044,178 | 29,417,961 | 51,044,178 | 29,417,961 |
| Debt Securities Issued | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **644,463,241** | **367,874,040** | **644,463,241** | **367,874,040** |
| **Equity** | | | | |
| Share Capital | 262,467,600 | 262,467,600 | 262,467,600 | 262,467,600 |
| Share Premium | 10,101,374 | 10,101,374 | 10,101,374 | 10,101,374 |
| Retained Earnings | (267,092,603) | (234,655,031) | (267,092,603) | (234,655,031) |
| Reserves | 115,672,917 | 113,432,996 | 115,672,917 | 113,432,996 |
| **Total Equity Attributable to Equity Holders** | **121,149,289** | **151,346,940** | **121,149,289** | **151,346,940** |
| Non Controlling Interest | - | | | |
| **Total Equity** | **121,149,289** | **151,346,940** | **121,149,289** | **151,346,940** |
| **Total Liabilities and Equity** | **765,612,531** | **519,220,980** | **765,612,531** | **519,220,980** |

**Condensed Consolidated Statement of Profit and Loss**
As on Quarter ended 30th Chaitra, 2079 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 14,933,726 | 46,237,214 | 7,442,622 | 13,552,608 | 14,933,726 | 46,237,214 | 7,442,622 | 13,552,608 |
| Interest expense | 11,438,606 | 33,667,219 | 3,745,576 | 8,168,883 | 11,438,606 | 33,667,219 | 3,745,576 | 8,168,883 |
| **Net interest income** | **3,495,120** | **12,569,995** | **3,697,046** | **5,383,725** | **3,495,120** | **12,569,995** | **3,697,046** | **5,383,725** |
| Fee and commission income | 611,727 | 3,111,618 | 1,999,640 | 1,999,640 | 611,727 | 3,111,618 | 1,999,640 | 1,999,640 |
| Fee and commission expense | - | - | - | - | - | - | - | - |
| **Net fee and commission income** | **611,727** | **3,111,618** | **1,999,640** | **1,999,640** | **611,727** | **3,111,618** | **1,999,640** | **1,999,640** |
| **Net interest, fee and commission income** | **4,106,847** | **15,681,613** | **5,696,686** | **7,383,365** | **4,106,847** | **15,681,613** | **5,696,686** | **7,383,365** |
| Net trading income | - | - | | | - | - | | |
| Other operating income | 22,282 | 40,220 | (1,083,639) | 651,225 | 22,282 | 40,220 | (1,083,639) | 651,225 |
| **Total operating income** | **4,129,129** | **15,721,833** | **4,613,047** | **8,034,590** | **4,129,129** | **15,721,833** | **4,613,047** | **8,034,590** |
| Impairment charge/(reversal) for loans and other losses | 7,812,851 | 13,117,427 | (6,938,154) | (9,772,355) | 7,812,851 | 13,117,427 | (6,938,154) | (9,772,355) |
| **Net operating income** | **(3,683,722)** | **2,604,406** | **11,551,201** | **17,806,945** | **(3,683,722)** | **2,604,406** | **11,551,201** | **17,806,945** |
| Operating expense | - | | - | | - | - | - | |
| Personnel expenses | 5,714,435 | 15,564,917 | 2,998,671 | 10,016,027 | 5,714,435 | 15,564,917 | 2,998,671 | 10,016,027 |
| Other operating expenses | 5,060,496 | 14,957,858 | 4,663,117 | 9,900,380 | 5,060,496 | 14,957,858 | 4,663,117 | 9,900,380 |
| Depreciation & Amortization | 1,822,747 | 4,992,261 | - | - | 1,822,747 | 4,992,261 | - | - |
| **Operating Profit** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** |
| Non operating income | - | - | - | - | - | - | - | - |
| Non operating expense | - | - | - | - | - | - | - | - |
| **Profit before income tax** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** |
| Income tax expense | - | - | - | | - | - | - | |
| Current Tax | - | | - | | - | - | - | |
| Deferred Tax | - | | - | - | - | - | | - |
| **Profit for the period** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** | **(16,281,399)** | **(32,910,630)** | **3,889,414** | **(2,109,462)** |

**Condensed Consolidated Statement of Other comprehensive income**
As on Quarter ended 30th Chaitra, 2079 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Profit or loss for the year | (16,281,399.33) | (32,910,630.42) | 3,889,414 | (2,109,462) | (16,281,399) | (32,910,630) | 3,889,414 | (2,109,462) |
| **Other comprehensive income** | | | | | | | | |
| **a) Items that will not be reclassified to Profit or loss** | | | | | | | | |
| • Gains/(losses) from investments in equity instruments measured at fair value | (7,434,941.40) | (3,276,811) | (366,772) | (220,213) | (7,434,941) | (3,276,811) | (366,772) | (220,213) |
| • Gains/(losses) on revaluation | | | | | | | | |
| • Actuarial gains/(losses) on defined benefit plans | | | | | | | | |
| • Income tax relating to above items | 2,230,482 | 983,043 | 110,032 | 66,064 | 2,230,482 | 983,043 | 110,032 | 66,064 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **(5,204,459)** | **(2,293,768)** | **(256,740)** | **(154,149)** | **(5,204,459)** | **(2,293,768)** | **(256,740)** | **(154,149)** |
| **b) Items that are or may be reclassified to profit or loss** | | | | | | | | |
| • Gains/(losses) on cash flow hedge | | | | | | | | |
| • Exchange gains/(losses) (arising from trasalating financial assets of foreign operation) | | | | | | | | |
| • Income tax relating to above items | | | | | | | | |
| • Reclassify to profit or loss | | | | | | | | |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | | | - | - | | | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | | | | | | | | |
| **Other comprehensive income for the period, net of income tax** | **(5,204,459)** | **(2,293,768)** | **(256,740)** | **(154,149)** | **(5,204,459)** | **(2,293,768)** | **(256,740)** | **(154,149)** |
| **Total comprehensive income for the period** | **(21,485,858)** | **(35,204,398)** | **3,632,673** | **(2,263,612)** | **(21,485,858)** | **(35,204,398)** | **3,632,673** | **(2,263,612)** |
| Basic earning per share | **(13.41)** | **(13.41)** | **(1.59)** | **(1.59)** | **(13.41)** | **(13.41)** | **(1.59)** | **(1.59)** |
| Diluted earning per share | **(13.41)** | **(13.41)** | **(1.59)** | **(1.59)** | **(13.41)** | **(13.41)** | **(1.59)** | **(1.59)** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | (21,485,858) | (35,204,398) | 3,632,673 | (2,263,612) | (21,485,858) | (35,204,398) | 3,632,673 | (2,263,612) |
| Non-controlling interest | | | | | | | | |
| Profit for the period | (21,485,858) | (35,204,398) | 3,632,673 | (2,263,612) | (21,485,858) | (35,204,398) | 3,632,673 | (2,263,612) |

**Ratio as per NRB Directives Second Quarter**
As on Quarter ended 3oth Chaitra, 2079 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Capital Fund To RWA | 13.85% | 13.85% | 49.47% | 49.47% | 13.85% | 13.85% | 49.47% | 49.47% |
| Non Performing Loan (NPL) To Total Loan | 4.81% | 4.81% | 2.86% | 2.86% | 4.81% | 4.81% | 2.86% | 2.86% |
| Total Loan Loss provision To Total NPL | 83.97% | 83.97% | 105.11% | 105.11% | 83.97% | 83.97% | 105.11% | 105.11% |
| Cost of Fund | 8.37% | 8.37% | 6.96% | 6.96% | 8.37% | 8.37% | 6.96% | 6.96% |
| Credit To Deposit Ratio | 95.06% | 95.06% | 99.15% | 99.15% | 95.06% | 95.06% | 99.15% | 99.15% |
| Base Rate | 17.01% | 17.01% | 19.74% | 19.74% | 17.01% | 17.01% | 19.74% | 19.74% |
| Interest Spread | 4.65% | 4.65% | 1.02% | 1.02% | 4.65% | 4.65% | 1.02% | 1.02% |

**Statement of Distributable Profit or Loss**
As on Quarter ended 3oth Chaitra, 2079 (Amount in NPR, Full Figure)

| Particulars | Amount |
|---|---|
| Net Profit for the period end Poush 2079 | (32,910,630) |
| **Net profit or (loss) as per statement of profit or loss** | |
| Appropriations: | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(32,910,630)** |
| Regulatory adjustment (if any) | - |
| **Distributable profit or (loss)** | |

## Notes to NFRS Compliant Financial Statement

- The above financial statement has been prepaid in accordance with Nepal financial Reporting standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank.
- Previous period figures have been regrouped / rearranged/ restated wherever necessary.
- Loan and advances are presented net of impairment charges.
- Provision for gratuity and leave has been provided based on estimation by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per actuary report.
- The above figures are subject to change upon otherwise instruction from statutory auditors and/or regulatory authorities.
- Detailed Financial Report is uploaded in the website.

**धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १४**
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०७९/८० को तेस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण**

(क) त्रैमासीक अवधीको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

**(ख) प्रमुख वित्तीय अनुपातहरू :**

| | | |
|---|---|---|
| प्रतिशेयर आम्दानी : रु. (१३.४१) | मूल्य आम्दानी अनुपातः रु (३०.४२) | प्रतिशेयर नेटवर्थ : रु.४६.१६ |
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य : रु. ३५२.८४ | तरलता अनुपात : २२.२२% | पुंजीकोष अनुपात : १३.८५% |

**२. व्यवस्थापकीय विश्लेषण**

क) समीक्षा अवधिमा बैंकको निक्षेप तथा कर्जा लगानीमा क्रमश.वृद्धि हुदै गएको छ।

ख) दिगो आर्थिक विकासको लागि बैंकले विश्वसनीय तबरबाट सदाझैं विशुद्ध बैंकिंग सुविधा प्रदान तथा सरोकारवालाहरुको हितको पनि संरक्षण गर्दै जानेछ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण**

(क) यस त्रैमासिक अवधिमा यस बैंकले वा बैंकको विरुद्धमा मुद्धा दायर नगरेको।

(ख) बैंकको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा गरेको सम्बन्धमा बैंक समस्याग्रस्त घोषणा हुदाका बखतमानै मुद्दा दायर भई सम्मानित अदालतमा बिचाराधिन अवस्थामा रहेको।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार भैरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हूदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। तर प्रचलित कानून अनूसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम ,न्यूनतम ,अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| महिना | कारोबार संख्या | कारोबार रकम रु | कारोबार भएको कूल दिन | उच्च मुल्य | न्युन मुल्य | अन्तिम मुल्य |
|---|---|---|---|---|---|---|
| माघ | १३६,८३४ | ६१,९९८,८६४ | १८ | ५०० | ४१५ | ४७५ |
| फागुन | ३७,२७२ | १५,३२६,२२०.४० | १७ | ४३७ | ३९२ | ४२५ |
| चैत्र | ६०,६११ | २४,१६६,५८१.९ | २१ | ४२५ | ३६८.१ | ४०८ |

**५. समस्या तथा चुनौतिहरू**

**आन्तरिक समस्याएवं चुनौतिहरू**

- संचालन खर्च बढ्दै जानु, ब्याजदर अन्तर कम हुनु, दक्ष जनशक्तीको कमी निक्षेप तथा कर्जाको ब्याजदर छिटो परिवर्तन हुनु, लगानीका क्षेत्रहरु विस्तार हून नसक्नु, संचालन जोखिम बढ्नु जस्ता यावत समस्याको बावजुत दिगो रुपमा संस्थाको मूनाफा वृद्धि गर्दै जाने कार्य चूनौतिको रुपमा रहेको ।
- ऋइखष्म(ज्ञढ महामारीका कारणले पुर्वाधारमा आधारित परियोजना लगाएतका अन्य लगानीका अवसरहरुमा कमी आई अर्थतन्त्र लयमा फर्किन लागेको अवस्थामा पुनः अर्थतन्त्रमा देखिएको तरलता संकुचनका कारण व्यवसाय प्रभावित हुने सम्भावना यथावत रहनु।

**बाहृय समस्या एवं चुनौतिहरू**

- वढ्दो प्रतिस्पर्धा , सुचना तथा प्रविधिको क्षेत्रमा देखिएका चुनौतिहरु आदी ।
- अर्थतन्त्रमा देखिएको तरलता संकुचनको कारणले सृजना भएका तथा भविष्यमा हुने अन्य चुनौतीहरु

**रणनीति**

बैंकले विभिन्न क्षेत्रका व्यवसायहरुमा परेका असरबारे विस्तृत अध्ययन गरी श्री नेपाल राष्ट्र बैंकको निर्देशनको समेत अधिनमा रही आवश्यक रणनीति तर्जुमा गर्ने, न्युन लागत भएका दिगो निक्षेप लाई बढावा दिई व्याजदरलाई सन्तुलीत राख्ने आवश्यक कदमहरु अवलम्वन गर्ने, संचालन खर्च न्युनीकरण गर्न तर्फ सचेत रहने, बैंकको व्यवसाय अभिबृद्धि तथा शाखा संजाल बढाउदै लगि कर्मचारीहरुलाई आफ्नो कार्य क्षमता वृद्धि गरी स्तरीय सेवा प्रदान गर्न तालिमहरु उपलब्ध गराउने तथा बैंक प्रति आबद्ध राख्न यथोचित निति अवलवन गर्ने।

**६. संस्थागत सुशासन**

बैंकले नेपाल राष्ट्र बैंकद्धारा संस्थागत सुशासन सम्वन्धमा जारी गरेका एकीकृत निर्देशनहरुको पालना गर्नका साथै लेखापरीक्षण समिति द्धारा संस्थागत सुशासन पालना भए नभएको सम्वन्धमा आवश्यक लेखा जोखा गर्ने गरिएको/साथै समय समयमा नेपाल राष्ट्र बैंकद्धारा हुने स्थलगत निरिक्षण, आन्तरीक तथा वाह्य लेखापरीक्षकको प्रतिवेदनको आधारमा संस्थागत सुशासनलाई सुदृढ वनाउन बैंक संचालक समिति कटीवद्ध छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**मितिः २०८०/०१/०७**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११०३०० | प्रति तोला - १०९७५० | प्रति तोला - १४४५ |



**फेवातालमा डुंगा सरर...** | पोखराको फेवातालमा डुङ्गा सयर गर्दै आन्तरिक पर्यटक । पछिल्ला दिनमा पोखरामा पर्यटकहरूको आगम बढ्दै गएको छ ।
*तस्बिरः रामबहादुर थापा /रासस*

# नौ महिनामा १२ खर्बको आयात र सवा खर्बको निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिसम्ममा सरकारको व्यापार घाटा रू १० खर्ब ८३ अर्ब नाघेको छ। भन्सार विभागले बुधबार सार्वजनिक गरेको चैत मसान्तसम्मको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार यो अवधिमा नेपालले रू १२ खर्ब एक अर्ब ५० करोड बराबरको आयात गर्दा रू एक खर्ब १८ अर्ब २८ करोड बराबरको निर्यात गरेको छ ।

गत आर्थिक वर्षको तुलनामा यस वर्ष समग्र वैदेशिक व्यापार घटेको छ । विभागका अनुसार चालु आर्थिक वर्षको नौ महिना अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १८ र निर्यात २६ दशमलव ३४ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा समग्र व्यापार घाटा पनि १८ दशमलव ८९ प्रतिशतले घटेको देखिन्छ । विभागको तथ्यांकअनुसार समग्र वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव ०४ र निर्यातको हिस्सा आठ दशमलव ९६ प्रतिशत बराबर रहेको छ ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा भारतसँग मात्र नेपालले रू छ खर्ब ७० अर्ब ७६ करोड बराबरको व्यापार घाटा व्यहोरेको छ । अर्थात् यो अवधिमा नेपालले भारतबाट रू सात खर्ब ५३ अर्ब ७५ करोड बराबरको वस्तु आयात गर्दा रू ८२ अर्ब ९८ करोड ५३ लाख बराबरको निर्यात गरेको देखिएको हो ।

अर्को छिमेकी मुलुक चीनसँग यही अवधिमा नेपालले रू एक खर्ब ६१ अर्ब ८१ करोड बराबरको व्यापार घाटा बेहोरेको छ । अर्थात् चैत मसान्तसम्ममा नेपालले चीनबाट रू एक खर्ब ६२ अर्ब ४४ करोड ८४ लाख बराबरको वस्तु आयात गर्दा रू ६३ करोड ६८ लाख बराबरको मात्रै निर्यात गरेको देखिएको हो ।





संयुक्त अरब इमिरेट्स (युएई) पनि नेपालले बढी वैदेशिक व्यापार गर्ने मुलुकका रूपमा देखिएको छ । यो अवधिमा नेपालले युएईबाट रू २५ अर्ब ९१ करोड १२ लाख बराबरको वस्तु आयात गर्दा रू ४२ करोड ७० लाख बराबर मात्रै निर्यात गरेको छ । त्यस्तै चैत मसान्तसम्ममा नेपालले अमेरिकाबाट रू १४ अर्ब ४७ करोड ७५ लाख बराबरको वस्तु आयात गरेको छ भने रू १३ अर्ब ९० करोड ९५ लाख बराबरको निर्यात गरेको छ ।

नौ महिना अवधिमा नेपालले सबैभन्दा धेरै रू एक खर्ब १२ अर्ब ४० करोड बराबरको डिजेल र रू ४९ अर्ब ७४ करोड ७२ लाख बराबरको पेट्रोल आयात गरेको छ। रू ४४ अर्ब ८४ करोड बराबरको खाना पकाउने ग्यास आयात भएको छ। नेपालले बढी आयात गरेको वस्तुमा फलामजन्य वस्तु चौथो स्थानमा छ। चैत मसान्तसम्ममा रू ३० अर्ब ६३ करोड बराबरको फलामजन्य वस्तु आयात भएको छ। त्यस्तो अप्रशोधित तेल रू ३० अर्ब र अप्रशोधित पाम तेल रू २२ अर्ब बराबरको आयात भएको देखिन्छ ।

चैत मसान्तसम्ममा नेपालले सबैभन्दा बढी निर्यात गरेको वस्तुमा पनि पामतेल र सोयाबिन तेल देखिन्छ । यो अवधिमा रू नौ अर्ब दुई करोड बराबरको पामतेल र रू आठ अर्ब ४३ करोड बराबरको सोयाबिन तेल भारत निर्यात भएको छ । बढी निर्यात हुने वस्तुमा अलैंची तेस्रो नम्बरमा छ । यो अवधिसम्ममा नेपालले रू छ अर्ब ३३ करोड बराबरको अलैंची निर्यात गरेको छ ।

# 'ऊर्जा राष्ट्रिय आम्दानीको स्रोत'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले ऊर्जाक्षेत्र राष्ट्रको आम्दानी बढाउन महत्वपूर्ण स्रोत भएको बताएका छन् । काठमाडौंमा ऊर्जा सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै उहाँले ऊर्जा उत्पादन क्षेत्रमा निजी क्षेत्रको पनि योगदान महत्वपूर्ण रहेको उल्लेख गरे ।

'सन् ९० को दशकभन्दा अगाडि एक/दुई मेगावाट बराबर मात्रै विद्युत् उत्पादन हुन्थ्यो। निजी क्षेत्र विद्युत् उत्पादनमा संलग्न भएपछि राष्ट्रिय प्रसारणमा विद्युत् थपिँदै गएको छ। यसबाट हाम्रो माग पूरा गरेर निर्यातसम्मको अवस्थामा पुगेका छौँ', अर्थमन्त्री डा. महतले भने । ऊर्जा क्षेत्रमा राम्रो सम्भावना देखेरै निजी क्षेत्रका लगानीकर्ता आकर्षित भएको उल्लेख गर्दै उनले अहिले नेपाल यो क्षेत्रमा आत्मनिर्भर भएर विदेशमा निर्यातसमेत थाल्नु खुसीको कुरा भएको बताए । ऊर्जा क्षेत्रमा लगानीकर्तालाई आकर्षितसमेत गरेको अर्थमन्त्री डा. महतको भनाइ थियो ।

'नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वान गर्दछु। लगानीकर्तालाई पर्ने समस्या समाधान गर्न सरकार तयार छ', उनले भने, 'लगानीकर्तालाई विभिन्न सहुलियत र सुविधा दिन तयार छौं । निजी क्षेत्रले पछिल्लो समय गरेको लगानीमा पनि राम्रो नतिजा आएको छ। नेपालको गतिलो आम्दानीको स्रोत नै ऊर्जा हो ।'

नेपालको विद्युत् भारत, बङ्गलादेशलगायत देशमा पुऱ्याउनका लागि पनि सरकारले पहल गर्ने अर्थमन्त्री डा महतको भनाइ थियो । 'सरकारले विद्युत् भारत निर्यात गर्ने संयन्त्र बनाउने छ । विद्युत्का लागि बङ्गलादेश अर्को ठूलो बजार हो । बङ्गलादेशसँग विद्युत् व्यापार सम्झौतापछि त्यसतर्फ निर्यात गर्न सकिने छ', उनले भने, 'विश्व बैंकजस्ता ठूला लगानीकर्ताहरू समेत नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न इच्छुक छन् । उनीहरूले मध्यम खालका परियोजनामा चासो देखाएको मैले बुझेको छु ।'

विद्युत्को आन्तरिक खपत बढाउन आवश्यक रहेको उल्लेख गर्दै अर्थमन्त्री डा. महतले विद्युतीय सवारी साधनको प्रयोग बढाएर यातायातको क्षेत्रलाई विद्युतीकरण गर्नुपर्छ । घरायसी प्रयोजनका लागि पनि बिजुलीको खपत बढाउन आवश्यक भएको उल्लेख गरे ।

# नौ महिनामा दुई खर्ब लगानी प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नौ महिनामा करिब रु दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ। उद्योग विभागले सार्वजनिक गरेको नौ महिना (गत साउनदेखि चैत मसान्तसम्मको) तथ्यांक अनुसार दुई सय १६ उद्योगका लागि रु एक खर्ब ८० अर्ब बराबरको लगानी प्रतिबद्धता आएको हो । उक्त तथ्यांक अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ ।

चैत महिनामा मात्रै स्वदेशी तथा विदेशी लगानीका ३३ वटा उद्योगका लागि रु २५ अर्ब ४४ करोड लगानी प्रतिबद्धता आएको हो । तथ्यांक अनुसार हालसम्म दर्ता भएका उद्योगले ६ लाख ७३ हजार आठ सय ६७ जनालाई रोजगारी दिने उल्लेख गरिएको छ । चैत महिनामा मात्रै तीन हजार छ सय १२ जनालाई रोजगारी दिने उल्लेख छ ।

यस्तै, नौ महिनामा दुई सय ५३ वटा विदेशी लगानीका उद्योगका लागि रु ४१ अर्ब २१ करोड २४ लाख ३१ हजार चार सय ४६ लगानी प्रतिबद्धता आएको छ। जसमा चैतमा रु आठ अर्ब ९१ करोड १२ लाख ६४ हजार छ सय ९० विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ। विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा रु दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यस्तैगरी, मङ्सिरमा रु ८० करोड आठ लाख, पुसमा रु चार अर्ब ८५ करोड २० लाख, माघमा रु एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रु पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा



रु छ अर्ब ३२ करोड, असोजमा रु एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु ९८ करोड, मङ्सिरमा रु पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु ६१ करोड २० लाख, माघमा रु ५३ करोड ९५ लाख र फागुनमा रु दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

त्यस्तै, चालु आर्थिक वर्षको नौ महिनामा करिब साढे १४ अर्ब नेपाली रूपैयाँ विदेशिएको छ । उद्योग विभागले सार्वजनिक गरेको चैत मसान्तसम्मको तथ्यांक अनुसार रु १३ अर्ब ७७ करोड ४४ लाख १० हजार पाँच सय ५९ लाभाशंबापत रकम फिर्ताको सिफारिस भएको हो । विभागले नौ महिनामा रोयल्टीबापत रु दुई अर्ब ११ करोड ६ हजार छ सय ३४, १२ लाख ४५ हजार ९१ अमेरिकी डलर, ३० करोड ६२ लाख ९६ हजार ६०९ भारतीय रूपैयाँ र सात हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ। विभागले चैत महिनामा लाभाशंबापत रु तीन अर्ब १४ करोड ५३ लाख २२ हजार दुई सय ३५ विदेश लैजान सिफारिस गरेको हो ।

यस्तै, रोयल्टीबापत चैत महिनामा रु बीस करोड ६० लाख नौ हजार पाँच सय २६, ७३ हजार तीन सय १३ अमेरिकी डबर, १५ लाख ४५ हजार सात सय ८३ भारु फिर्ता लैजानेगरी स्वीकृति प्रदान गरेको हो । यस्तै, चालु आवको नौ महिनामा विभागले व्यवसायी भिसा अन्तरगत एक हजार दुई सय २४ जना लगानीकर्ता, एक सय ८६ जना प्रतिनिधि र पाँच सय २४ जना आश्रितका लागि भिसा सिफारिस गरेको छ ।

चैत महिनामा मात्रै विभागले एक सय ६६ लगानीकर्ता, ४५ प्रतिनिधि र एक सय ४२ जना आश्रितका लागि भिसा सिफारिस गरेको छ। विभागले सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रूपैयाँ विदेश लैजान पाइन्छ। विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ ।

# 'जलविद्युत् उत्पादनको सम्भावनालाई यथार्थमा परिणत गर्न सहयोग गर्छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको जलविद्युत् उत्पादनको प्रचुर सम्भावलाई यथार्थमा परिणत गर्न निजी क्षेत्रले सहयोग गर्ने बताएका छन् ।

बुधबारदेखि शुरु भएको ऊर्जा सम्मेलनको समापन कार्यक्रममा उनले नेपालमा जलविद्युत् उत्पादनको अथाह सम्भावना रहेको र पछिल्लो समय लगानीको वातावरणमा पनि सुधार हुँदै गएको स्पष्ट पारे । अध्यक्ष ढकालले नेपालमा लगानी बढाउन ऊर्जा क्षेत्रका लगानीकर्ताहरूलाई आग्रह गरे ।

'नेपालमा जलविद्युत्लगायत अन्य ऊर्जा उत्पादनको प्रचुर सम्भावना रहेको छ । सरकारको नीति र प्राथमिकता पनि लगानी सहजीकरण गर्ने छ । हामीसँग नव उदीयमान विश्वका ठूला अर्थतन्त्रहरू छिमेकमै छन् । त्यहाँको बढ्दो बजार र मागलाई सम्बोधन हुने गरी नेपालमा लगानी ल्याउनुहोस् । निजी क्षेत्रको तर्फबाट हामी तपाईंलाई सहजीकरण र सहयोग गर्न तयार छौं,' उनले भने ।

नेपालले गत वर्ष भारतमा विद्युत् निर्यात गरी ११ अर्ब रूपैयाँ आर्जन गरेको बताउँदै उनले बङ्गलादेशको बजारका लागि पनि सरकारीतहबाट सकारात्मक कुराकानी भइरहेको बताए । अध्यक्ष ढकालले नेपाल सरकार तथा अन्य सरोकारवालालाई समेत लगानी बढाउन सहजीकरण गर्न र लगानीको लागि थप वातावरण बनाउन आग्रह गरे ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** पुँजीबजारमा दोहोरो अंकको सुधार देखिएको छ । बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १५ दशमलव १३ अंकले बढेर एक हजार नौ सय २० दशमलव १२ अंकमा कायम भएको हो ।

दुई सय ७३ वटा कम्पनीको २५ लाख ७९ हजार तीन सय २५ कित्ता सेयर २३ हजार पाँच सय तीनपटक खरिदबिक्री हुँदा कारोबार रकम भने रु ८७ करोड २१ लाख ४१ हजारमा खुम्चिएको छ ।

म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०६ अंकले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूह ७० दशमलव ८४ र जीवन बीमा समूह ६२ दशमलव ९२ अंकले बढेको छ । बैंकिङ नौ दशमलव ४४, विकास बैंक ४४ दशमलव १२, वित्त १८ दशमलव १३, होटल तथा पर्यटन समूह १९ दशमलव ०५, जलविद्युत् २१ दशमलव ९७ र लगानी समूह शून्य दशमलव ६३ अंकले बढेको छ ।

त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह १५ दशमलव १५, लघुवित्त समूह ३२ दशमलव १६, व्यापार समूह २८ दशमलव ८८ र अन्य समूह ६ दशमलव ४६ अंकले बढेको छ ।

कालीञ्चोक दर्शन लिमिटेड र मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र सेयर सफ्याका आधारमा सबैभन्दा धेरै स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमोटर सेयर रु आठ करोड ८३ लाख १३ हजार तीन सय बराबरको एक लाख ५९ हजार कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ